आ.ब. २०८२/०८३ को बैठक

आज मिति २०८३।०२।२२ गते शुक्रबारको दिन बिहान ८:०० बजे यस परवानीपुर गाउँपपालिकाका अध्यक्ष श्री रामक्षत्री प्रसाद कुर्मीज्यूको अध्यक्षतामा यस परवानीपुर गाउँकार्यापालिकाको तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

## उपस्थिती

| क्र.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रामक्षत्री प्रसाद कुर्मी | अध्यक्ष | |
| २ | श्री सुगान्धी देवी कनुइन | उपाध्यक्ष | |
| ३ | श्री चोकट महतो धानुक | सदस्य | |
| ४ | श्री महमदनुरुल होदा अंसारी | सदस्य | |
| ५ | श्री इब्राहिम मियाँ धोबी | सदस्य | |
| ६ | श्री गम्भिरा राउत कुर्मि | सदस्य | |
| ७ | श्री रामेश्वर साह कलवार | सदस्य | |
| ८ | श्री इन्द्रकलिया देवी चमैन | सदस्य | |
| ९ | श्री चिन्ता देवी पासवान | सदस्य | |
| १० | श्री लक्ष्मीना देवी नुनिया | सदस्य | |
| ११ | श्री कोहरी देवी भरिन | सदस्य | |
| १२ | श्री जगदिश राम | सदस्य | |
| १३ | श्री महन्थ राम हरजन | सदस्य | |
| १४ | श्री मुन्ना साह रौनियार | सदस्य - सचिव | |
| १५ | श्री आयुष कुमार साह | लेखा शाखा प्रमुख | |
| १६ | श्री रवी जैश्वाल | IT Officer | |
| १७ | श्री कृष्णा प्रसाद यादव | आलेप शाखा | |
| १८ | श्री लक्ष्मी बडाल | प्रशासन शाखा | |
| १९ | श्री सन्देश यादव | योजना शाखा | |
| २० | श्री लहवर साह | कार्यालय सहयोगी | |
| २१ | श्री अशोक राम | कार्यालय सहयोगी | |
| | | | |
| | | | |

# प्रस्ताव तथा निर्णयहरु

तपसिल बमोजिमको प्रस्तावहरु माथी व्यापक छलफल गरि निर्णय गरियो ।

| क्र.स. | बिषय | तपसिल बमोजिमको प्रस्तावहरु माथी व्यापक छलफल गर्दा, |
|---|---|---|
| १ | | **........... औं कार्यपालिका बैठकका निर्णयको समिक्षा सम्बन्धमा ।**<br>➢ मिति २०८३/०२/१३ गतेको कार्यपालिकको बैठक बाट भएको निर्णयहरु कार्यवन्यन अवस्थामा रहेकाले सम्बन्धित सबैलाई धन्यबाद दिने । |
| २ | प्रतिबेदन | **विषयगत समितिको प्रतिबेदन तथा गाउँ सभा सम्बन्धमा ।**<br>➢ गाउँ सभाको लागी विषयगत समिति राजश्व परामर्श समितिको प्रतिबेदन स्विकृत गरि सबै वडामा बनेको सटर ठेक्का तथा कबाडी कर, गुदरि बजार लगायतका ठेक्का लगाउने र योजना तर्जुमा समिति तथा बजेट सिमा निर्धारण समितिको आफ्नो प्रतिबेदन अगामी बठैकमा पेश गर्नको लागि जानकारि गराउने ।<br>➢ अगामी गाउँ सभा आ.ब. २०८३/०८४ को निति तथा कार्यक्रम असार ८ गते गाउँ सभामा प्रस्तुत गर्ने तथा सम्बन्धित सबै लाई जानकारी र निर्देशन गर्ने । |
| ३ | सहकारी शाखा | **सहकारी सक्रियता सम्बन्धमा ।**<br>➢ उपरोक्त प्रस्ताव माथि छलफल गर्दा यस कार्यालयमा प्राप्त भएको श्री नवोदय बचत तथा ऋण सहकारी संस्था लिमिटेड लिपनीमाल -०५ हाल परवानीपुर गाउँपालिका -०३ को निबेदन बमोजिम सोहि संस्था मिति २०६८/०८/२७ मा डिभिजन सहकारी कार्यालय , मकवानपुरमा दर्ता नं. ५६/०६८/०६९ मा दर्ता भइ केहि समय देखि निष्क्रिय रहेकोमा हाल सक्रिय हुने मनसाय राखेको बुझिएको छ । यस बिषयमा सहक्लारी ऐन २०७४ को परिच्छेद १५ को दफा ८८(३) बमिजिम यस संस्थालाई कारोबार गर्न दिने वा नदिने सम्बन्धमा प्रष्ट हुन यहि मिति २०८३/०१/०४ मा प्रथम पटक तथा मिति २०८३/०१/२१ मा दोश्रो पटक भूमि व्यवस्था , कृषि तथा सहकारी मन्त्रालय , सहकारी बिभागमा पत्राचार गरिएता पनि विभागबाट कुनै पनि प्रतिउत्तर नआएकोले र सोहि संस्थाको लेखा परिक्षण तथा कर चुक्ता दुरुस्त देखिएकोले सक्रियताका लागि अनुमति दिने |
| ४ | बहुक्षेत्रीय पोषण शाखा | सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागि आय आर्जन अनुदान उपलब्ध गराउने सम्बन्धमा ।<br>➢ उपरोक्त प्रस्ताव माथि छलफल गर्दा आ.व. २०८२/०८३ को बहुक्षेत्रीय पोषण योजनाको स्वीकृत कार्यक्रमहरु मध्ये सुनौलो हजार दिनका महिलाको पोषण सुधारका लागि आयआर्जन अनुदान उपलब्ध गराउने सम्बन्धमा यहि आ.व.२०८२/०८३ मा स्वास्थ्य शाखा बाट संचालित पोषण लेखाजिखा कार्यक्रमको प्रतिबेदन अनुसार सबभन्दा बढी कुपोषित बालबालिका वडा नं.१ मा देखिएकोले बहुक्षेत्रीय पोषण कार्यक्रमको संचालन मार्गदर्शन २०८२/०८३ अनुसार वडा नं. १ को गवनहरी वा बलुवा टोलमा सो लक्षित वर्गलाई अनुदान कार्यक्रम गर्ने |
| ५ | स्वास्थ्य<br>शिक्षा<br>फवरदा | **पूर्ण खोप सुनिस्चितता तथा दिगोपना घोषणा तथा औषधी खरिद सम्बन्धमा ।**<br>➢ परवानीपुर गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुले पूर्ण खोप सुनिस्चितता तथा दिगोपना कायम गर्न सम्पूर्ण चरणहरु लाईन लिस्टिंग, घरधुरी सर्वेक्षण पुरा गरि उमेर अनुसार खोप छुट भएका १६ देखि २३ महिना सम्मका सम्पूर्ण बालबालिकाहरुलाई छुटेका खोप प्रदान गरिसकिएको साथै वडा खोप |

| | | | |
|---|---|---|---|
| | | | समन्यवय समिति बाट भेरिफिकेसन समेत भई वडा खोप समन्वय समिति अध्यक्ष तथा स्वास्थ्य संस्था प्रमुखको संयुक्त सिफारिस भई पालिका खोप समन्वय समितिमा पेश भईसकेको हुनाले गाउँ सभा वा अन्य कुनै मिति तोकी पूर्ण खोप सुनिस्चितता तथा घोषणा सभा आयोजना गर्ने<br>➢ परवानीपुर गाउँपालिकाले नसर्ने रोगको व्यापक स्क्रिनिंग कार्यक्रम सम्पन्न गरेको तथा नसर्ने रोगको नेपाल सरकारबाट प्राप्त हुने निःशुल्क औषधिहरु जस्तैः Amlodipine-5 mg tab., Losartan 25/50 mg tab., Glimepride-1/2 mg tab., Metformin-500mg tab. जस्ता मधेश प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रबाट प्राप्त हुने औषधिहरुको सधै भरि अभाव भईराख्ने तथा स्वास्थ्य संस्थामा माथि उल्लेखित निःशुल्क रुपमा पाउने औषधिहरुको मांग अनुसार आपूर्ति हुने अवस्था नभएकोले परवानीपुर गाउँपालिकाका सेवाग्राहीहरुलाई मध्य नजर गर्दै स्वास्थ्य सेवामा असर नपुगोस र सबै नागरिकले पाउनु पर्ने निःशुल्क औषधिहरु निरन्तर रुपमा पाईराख्ने सुनिस्चितताको लागि पालिकाबाट खरिद गरेर भए पनि औषधि आपूर्ति सहज गर्ने |